का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ९०
- ६ जेठ २०७७, मंगलबार
- 19 May 2020, Tuesday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

| अपडेटः सोमबार साँझसम्म | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ३५७ जना | ३६ जना | ३०७२३ | ४१३ | २ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ४८ लाख ३४ हजार | १८ लाख ७२ हजार | ३ लाख १७ हजार | २६ लाख ४४ हजार |

# आक्रान्त नरैनापुर

## एकको मृत्यु, ५६ संक्रमित

**विश्वव्यापी महामारी बनेको कोभिड-१९ को रोकथाम गर्न लकडाउन घोषणा गरिएको दुई महिना पुग्नै लाग्दा नेपालमा भने संक्रमणको दर बढेर गएको छ । सोमबार मात्रै ६२ जना थपिएका छन् । त्यस मध्ये बाँकेको नरैनापुरमा मात्रै ५६ जनामा संक्रमण देखिएको छ ।**

**मध्यान्ह संवाददाता**
बाांके, ५ जेठ ।

एक जना सङ्क्रमितको ज्यान गए सँगै बाँकेको नरैनापुर गाउँपालिका कोरोनाको केन्द्रविन्दु बन्न पुगेको छ । सोमबार फेला परेका ४७ जना सहित नरैनापुरमा मात्रै संक्रमित ५६ पुगेका छन् । यसअघि नै नरैनापुरमा एक जनाको ज्यान जानेगरी नौ जनामा सङ्क्रमण देखिएको थियो । यससँगै बाँकेमा कोरोना सङ्क्रमितको सङ्ख्या सोमबार सम्म ८१ पुगेको छ ।

यसअघि नेपालगञ्ज उपमहानगरपालिका वडा नं ८ मा २४ र वडा नं ७ मा एक जना गरी २५ जनामा सङ्क्रमण देखिएको थियो । सदरमुकाम नेपालगञ्जदेखि करीब ३५ किलोमिटर दक्षिणपूर्व राप्तीपारि अवस्थित नरैनापुरमा सोमबार सङ्क्रमित देखिएका अधिकांश नागरिक भारतबाट फर्किएर क्वारेन्टिनमा बस्दै आएका रहेको जिल्ला स्वास्थ्य कार्यालय बाँकेका कोरोना फोकल पर्सन नरेश श्रेष्ठले जानकारी दिए । आइतबार मात्रै नरैनापुर ५ का एक २५ वर्षीय युवकको कोरोनाबाटै निधन भएको थियो ।

श्रेष्ठका अनुसार आज सङ्क्रमण फेला परेका सबै यसअघि भेटिएका आठ सङ्क्रमितको सम्पर्कमा आएका व्यक्ति हुन् । आठ सङ्क्रमितको सम्पर्कमा आएका आधारमा दुई दिनअघि शनिबार नरैनापुरका विभिन्न वडामा रहेका क्वारेन्टिनबाट सङ्कलन गरिएको स्वाब नेपालगञ्जस्थित भेरी अस्पतालको आरटिपिसिआर यन्त्रमा परीक्षण गर्दा ४७ जनामा रिपोर्ट पोजेटिभ आएको हो ।

नरैनापुर २ को आदर्श मावि, लक्ष्मणपुरबाट ८७, वडा नं. ५ को दीपेन्द्र प्रावि, भोजभगवानपुरबाट ३९, वडा नं ५ कै नेराप्रावि, हुलासपुरबाट ७२ र वडा नं ६ को जयकिसन मावि, भगवानपुरबाट ६५ जना गरी २६३ जनाको स्वाब सङ्कलन गरिएको थियो । आइतबार थप ११ जनाको स्वाब सङ्कलन गरिएको श्रेष्ठले बताए ।

नरैनापुरबाट सङ्कलित २७४ मध्ये अझै केही स्वाबको परीक्षण बाँकी रहेको भेरी अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा प्रकाश थापाले बताए । "पूरै स्वाबको रिपोर्ट आइसकेको होईन, म बाहिर फिल्डमै भएकोले एक्जाक्ट मलाई पनि थाहा भएन" उनले भने, "सङ्क्रमितलाई व्यवस्थापनको लागि छलफल भइरहेको छ ।"

एकैपटक ठूलो सङ्ख्यामा सङ्क्रमित भेटिएपछि नरैनापुरमै आइसोलेशन वार्ड तयार गर्ने कि अन्यत्र व्यवस्थापन गर्ने भन्नेबारेमा छलफल भइरहेको उनको भनाइ छ । यसअघि सङ्क्रमित २५ जनालाई खजुरास्थित कोरोना विशेष आइसोलेशन अस्पतालमा राखिएको छ भने आठ जनालाई दाङ पठाइएको छ ।

नेपालगञ्जमा सोमबार नै फेरि २३ सङ्क्रमितको पुनः स्वाब सङ्कलन गरिएको छ । खजुरास्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पतालमा तयार गरिएको कोरोना विशेष अस्पतालमा उपचाररत २५ मध्ये समयावधि पुगेका २३ सङ्क्रमितको कोरोना परीक्षणका लागि पुनः स्वाब सङ्कलन गरिएको जिल्ला स्वास्थ्य कार्यालयका कोरोना फोकल पर्सन श्रेष्ठले बताए ।

उनका अनुसार, नेपालगञ्जका पहिलो सङ्क्रमितसहित २३ जनाको स्वाब सङ्कलन गरिएको छ । पछिल्लो पटक सङ्क्रमण भेटिएका दुई पुरुषको समयावधि पुगेपछि पुन परीक्षण गरिने बताउनुभयो । पहिलो सङ्क्रमितको सोमबार तेस्रो पटक स्वाब सङ्कलन गरिएको हो । साठी वर्षीय पहिलो सङ्क्रमितको यसअघि गत हप्ता गरिएको पुनः परीक्षणमा पनि रिपोर्ट पोजेटिभ आएको थियो ।

सोमबार बिहान मात्रै बारामा एक सञ्चार सहित नौ जनामा संक्रमण देखिएको थियो । बाँकी संक्रमित भने पर्साका हुन् । देशभर दुई जनाको मृत्यु भएको छ भने ३५७ जना संक्रमित देखिएका छन् ।




# वारि बाआमा बिते पारि क्वारेन्टाइनमै किरिया

**मध्यान्ह संवाददाता**
बतैडी, ५ जेठ ।

हिउँदमा मजदुरीका लागि भारत छिरेका बैतडीको सुर्नया गाउँपालिका- ३ का राजेन्द्रप्रसाद भट्ट र तारा भट्ट कोरोना भाइरसको त्रास बढेपछि घर फर्कन सीमावर्ती क्षेत्र झुलाघाट आए ।

उनीहरु सीमामा आउँदा नेपाल प्रवेश नाका बन्द भइसकेको थियो । त्यसपछि दुबै जना झुलाघाटस्थित जिआइसी क्वारेन्टाइनमा बसे । स्वदेशको साँधमै अड्किएका दुबै जनाले घरमा फोन गरी पिर नमान्नु भन्दै जानकारी गराएका थिए । घर फर्कने आशामा बसेका दुबै जना अचानक बुबा बितेको खबर पाएपछि बेहोसझैं बने ।

बुबाको अन्तिम संस्कारमा जान उनीहरु हारगुहार गरेका थिए । तर, नेपाल प्रवेश गर्न सहज नहुँदा प्रवासको शिविरमै दुबै जना सेतो कपडामा किरियामा बसेका छन् । बुबाको दाहसंस्कारमा त उपस्थित हुन पाएनन् नै नेपाल प्रवेशको अनुमति नपाएपछि क्वारेन्टाइनमै किरिया बसेका छन् । भट्टद्वयका बुबा देवदत्त भट्टको गत वैशाख ३१ गते मृत्यु भएको थियो ।

पुर्चौडी नगरपालिका- ७ का ठगी साउदकी आमा भुरी साउदको पनि जेठ १ मृत्यु भएको भए पनि नाका सिल हुँदा उनी झुलाघाटमै किरिया गरिरहेका छन् । यसका साथै सिगास गाउँपालिका- ९ का कृष्णसिंह धाँमीकी श्रीमती कलावती धाँमी गत वैशाख ३० गते बितेकी भए पनि कृष्णले पनि स्वदेश फर्कन पाएका छैनन् । स्वदेश फिर्ताका लागि सम्बन्धित सबैलाई आग्रह गरेका उनीहरुले झुलाघाटस्थित जिआइसी क्वारेन्टाइनमा किरिया गरिरहेका भारतीय पत्रकार प्रमोदकुमार भट्टले जानकारी दिए ।

यता बैतडीका प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले उनीहरुलाई नेपालकोतर्फबाट आफूहरु स्वदेश भित्र्याउन तयार रहेको बताएका छन् । "नेपाल सरकारबाट किरियापुत्रीको उद्धारका लागि आदेश आएको भए पनि भारतीय पक्षले ढिलाइ गरिरहेको छ" उनले भने, "हामीले पिथौरागढको डिएम साबलाई चार दिन अगाडि नै पत्र काटिसकेका छौं, भारतीय पक्ष सहमत हुँदा नाका खोली उनीहरुलाई स्वदेश भित्र्याउँछौं ।" यसअघि लकडाउनकै बेला वैशाख १० गते पनि बैतडीका तीन किरियापुत्रीको झुलाघाट नाकाबाट उद्धार गरिएको थियो ।

> बुबाको अन्तिम संस्कारमा जान उनीहरू हारगुहार गरेका थिए । तर, नेपाल प्रवेश गर्न सहज नहुँदा प्रवासको शिविरमै दुबै जना सेतो कपडामा किरियामा बसेका छन् ।

# सडक गल्लीमा हिड्डुल रोक



मुलुकको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार । यहाँभित्रका मन्त्रालय, कार्यालय लकडाउनका कारण सुनसान देखिएको छ । *तस्वीरः चन्द्रकला क्षेत्री/ रासस*

**मध्यान्ह संवाददा**
काठमाडौं, ५ जेठ ।

कोरोना भाइरसको जोखिम हुन नदिन काठमाडौं महानगरपालिकाको भित्री क्षेत्रमा स्थानीयले नै 'लकडाउन'लाई कडा बनाउन थालेका छन् । कामपाको भित्री क्षेत्रका नागरिकले टोलटोलमा खटिएर कडा गरेका हुन् ।

कोही नागरिक अनावश्यक बाटामा हिँडेको पाइए सम्बन्धित वडाका युवाले जहाँबाट आएको हो, त्यही फर्काउन थालेको छ । खाद्य सामग्रीको पसलमा पनि प्रवेश स्थानमा नै टोरी टाँगेर उपभोक्तले बाहिरैबाट पैसा दिने र सामग्री लिने व्यवस्था गरिएको छ ।

एक टोलबाट अर्को टोलसम्म कसैको पनि आवतजावत नहोस् र भाइरसको जोखिम कम गर्नका लागि स्थानीयले यस किसिमको व्यवस्था लागू गरेका हुन् । अहिले असन, इन्द्रचोक दमाईंटोल, ताम्सीपाखा, नरदेवी, ढोकाटोल, भुरुङ्खेल, क्षेत्रपाटीलगायतका स्थानबाट अयन्त्र जान पाइने छैन भने अन्यत्रबाट आउन पनि पाइँदैन । पानीको गाडी, एम्बुलेन्स, सञ्चार संस्था, खाद्य सामग्रीलगायत अत्यवश्यक सामग्री ढुवानी गर्ने यातायातका सामान बोक्ने गाडीको हकमा भने निर्वाध आवतजावत गरिरहेका छन् ।

यस स्थानमा स्थानीय युवा स्वयंसेवकका रुपमा खटी लकडाउनको पालना गराएका छन् । केही दिनअघि मात्र लकडाउनको खासै पालना भएको नदेखिने यी स्थानमा अहिले पूर्णपालन भएको छ । बाँकी पृष्ठ २ मा

# कामदार फिर्ता ल्याउन सांसदहरूको चर्को दवाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

प्रतिनिधिसभा बैठकमा सत्तारुढ तथा प्रतिपक्षी दलका सांसदहरुले वैदेशिक रोजगारीका क्रममा विदेशमा रहेका नेपालीलाई स्वास्थ्य परीक्षण गराई स्वदेश ल्याई क्वारेन्टाइनमा राख्न माग गरेका छन् । प्रतिनिधिसभाको सोमबारको वैठकमा विदेशमा रहेका लाखौं नेपाली कामदारहरु छटपटाई रहँदासमेत उनीहरुलाई स्वदेश ल्याउने काम नगरेको भन्दै सांसदहरुले सरकार समस्या समाधानमा किंकर्तव्यविमुढ भएको आरोपसमेत लगाए ।

प्रतिनिधिसभाको बैठकमा राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमका विषयमा छलफल भएपनि विदेशमा रहेका नेपालीहरुलाई स्वदेश फिर्ता ल्याउने विषयमा अधिकांश सांसदहरुको जोड रहेको छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका सांसद डा सशांक कोइरालाले वैदेशिक रोजगारीमा रहेका कामदार फर्काउने र फर्किने कामदारलाई व्यवस्थापन गर्न ठोस् कार्यक्रम नभएका कारण निराशा उत्पन्न गराएको बताए ।

राज्यको नागरिक प्रतिको दायित्व के हो ? कोरोना भाइरसका कारण सीमामा अलपत्र नेपालीहरुको अवस्था चित्रण गर्दै उनले भने, 'विश्वका धेरै मूलुकले विपत्को अहिलेको समयमा आफ्ना नागरिकहरुलाई राहत दिएका छन् । तर नेपाल सरकारले विदेशमा रहेका आफ्ना नागरिकलाई बोझको रुपमा लिएको छ ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)की सांसद विन्दा पाण्डेले विदेशमा रहेका नेपाली नागरिकहरुको जोखिमको मुल्यांकन गरेर तुरुन्तै फिर्ता ल्याउन नेपाल सरकारले योजना सार्वजनिक गर्नुपर्ने भन्दै यसअघि संसदीय समितिहरुले दिएका निर्देशन अनुरुप काम हुनुपर्ने माग गरिन् ।

त्यस्तै कांग्रेसकी सांसद डा. डिला संग्रौलाले विदेशमा नेपाली नागरिकहरुको विचल्ली हुँदा पनि उद्धार नगरेर सरकारले उनीहरुलाई विचल्लीमा पारको आरोप लगाइन् ।

## वैदेशिक रोजगार विशेष

### साउदीले ५ दिनसम्म कफ्र्यू लगाउने

काठमाडौं/मस- कोरोना भाइरस (कोभिड-१९) को संक्रमण नरोकिएपछि साउदी सरकारले ५ दिनसम्म साउदी अरबका सबै क्षेत्र र शहरहरुमा कफ्र्यू लगाउने निर्णय गरेको छ । साउदी सरकारले महत्वपूर्ण पर्व इद भएपनि आगमी मे २३ देखि २७ तारिकसम्म २४ घण्टे कफ्र्यू लगाउने निर्णय गरेको हो ।

साउदीस्थित नेपाली दूतावासले सो समयका लागि चाहिने अत्यावश्यक वस्तु तथा खाद्यान्न पहिले नै व्यवस्था गर्न नेपालीहरुलाई आग्रह गरेको छ । विगत वर्षहरुमा जस्तो जमघट वा भेटघाट नगर्न आग्रह गर्दै दूतावासले साउदी सरकारले विभिन्न समयमा जारी गरेका अन्य आदेश र निर्देशनहरु पालना गर्न आग्रह गरेको छ ।

साउदी सरकारले ५ जना भन्दा बढी भेला हुन नपाउने, आफ्नो आवासबाहेक अन्यको आवासमा गई भेटघाट हुन र भोजभतेर गर्न नपाउने, बन्दै गरेका वा प्रयोगमा नभएका भवनहरुमा जम्मा हुन नहुने, कफ्र्यूको आदेशको मानमर्दन हुने प्रकारका पोष्टहरु नगर्ने लगायतका निर्देशन जारी गरेको छ । बाँकी पृष्ठ २ मा

# लिम्पियाधुरासहितको नयाँ नक्सा पारित

चर्को दवाबकाबीच सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भारतले अतिक्रमण गर्दै अएको नेपाली भूभाग लिपुलेक, कालापानी, लिम्पियाधुरासहितको भूभाग समेटेर नेपालको नयाँ नक्सा पारित गरेको छ ।

**मध्यान्ह संवाददता**
काठमाडौं, ५ जेठ

सरकारले लिम्पियाधुरासहितको नेपालको नक्सा पारित गरेको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपालको नयाँ नक्सा पारित गरेको हो । बैठकले भारतले अतिक्रमण गर्दै आएको लिपुलेक, कालापानि र लिम्पियाधुराको भूभाग समेटेर नेपालको नयाँ नक्सा पारित गरेको हो ।

१८१६ को सुगौली सन्धि लिम्पियाधुराबाट आउने नदी काली नदीलाई सीमा नदी मान्दै यो नक्सा तयार पारिएको छ । संघीय संसदका संसदीय समितिहरूले पनि सबै नेपाली भूभाग समेटेको नक्सा छाप्न पटकपटक निर्देशन दिएका थिए । संसदको अन्तराष्ट्रिय श्रम सम्बन्ध समिति र राज्य व्यवस्था समितिले यस्तो निर्देशन दिएका थिए । सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी सचिवालय बैठकले पनि ती भूभागसहितको नक्सा सार्वजनिक गर्न सुझाव दिएको थियो ।



सरकारले नीति तथा कार्यक्रममा लिम्पियाधुरासहितको नक्सा जारी गर्ने घोषणा गरेका थियो । घोषणा गरेको ४ दिनमा सोमबारको मन्त्रिपरिषद बैठकले नयाँ नक्सा प्रकाश गर्ने निर्णय गरेको हो । पछिल्लो समय भारतले नेपाली भूमि हुँदै सडक निर्माण गरेपछि नेपालको नक्सा सार्वजनिक गर्न सरकारलाई चौतर्फी दबाब बढेको थियो । इतिहासविद्, भूगर्भविद्, सीमाविद्ले भारतले मिचेको जग्गा नेपाली नै भएको तथ्य प्रस्तुत गर्दै आएका छन् ।

पर्यटनमन्त्री योगेश भट्टराईले पनि सामाजिक सञ्जाल ट्वीटरमा लेख्दै भनेका छन्, 'आज नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय इतिहासको पन्नामा सुवर्ण अक्षरले त लेखिनेनै छ । आजको मिति र निर्णय युगयुगसम्म हाजिरीजवाफमा सोधिने प्रश्नका रुपमा पनि अमर भइरहनेछ । धन्यवाद प्रम केपी शर्मा ओली ।'

मन्त्रिपरिषदको बैठकमा भूमि व्यवस्था मन्त्री पद्मा अर्यालले नयाँ नक्सा पेश गरेकी थिइन् । नापी विभागले यसअघि नेपालको भूभाग लिम्पियाधुरा, लिपुलेकसहितको भूभाग समेटेर नक्सा तयार पारेको थियो । भारतले नेपालको भूमि आफ्नो नक्सामा पारेपछि नेपालमा त्यस्को तीव्र विरोध भएको थियो ।

भारतले नोभेम्बरमा आफ्नो नयाँ राजनीतिक नक्सा जारी गर्दा लिम्पियाधुरालाई आफ्नो क्षेत्रमा देखाएको थियो । त्यसपश्चात अहिले हालसालै फेरि भारतले तिब्बतको मानसरोवर जान लिपुलेकमा नेपाली भूमि अतिक्रमण गर्दै बनाएको सडक उद्घाटन गरेको थियो । त्यसपछि फेरि दुई देशको सीमा विवाद सतहमा आयो । नेपाल सरकारले तत्काल वार्ता गर्न चाहेपनि भारतले भने कोरोना संकटपछि वार्ता गर्ने भन्दै आएको छ । यसैबीच सरकारले भारतले अतिक्रमण गर्दै आएको लिम्पियाधुरासहितको नेपाली भूभाग समेटेर नयाँ नक्सा जारी गर्ने निर्णय गरेको हो ।

### लकडाउनमा निर्वाधरुपमा होटल सञ्चालन

# कसैलाई नटेर्दा कोरोना फैलने जोखिम

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी, ५ जेठ

प्रदेश नम्बर ५ को पूर्वी प्रवेशद्वारको रुपमा रहेको पश्चिम नवलपरासीको बर्दघाट टिसियन चोकमा लामा खाजा घर लकडाउनको समयमा पनि निर्वाध रुपमा संचालन भइरहेको छ । उक्त स्थानमा गण्डकी प्रदेशबाट आउने सवारीसाधन, पैदल यात्रुको चेकजाँचका लागि प्रदेश सरकारले खटाएको शसस्त्र प्रहरीको हेल्थ डेस्कसँगै नेपाल प्रहरी पनि २४ सै घण्टा तैनाथ रहेकै छन् ।

खाजा घर सञ्चालनमै रहेको र पूर्व (पश्चिम राजमार्गमा सञ्चालन भइरहेका सवारीसाधनका चालक, सहचालक, पैदल यात्रुले चिया खाजा खाने र भिडभाड गर्ने गर्दा कोरोनाको संक्रमण फैलिन सक्ने जोखिम निकै बढेको भन्दै स्थानीयवासी त्रसित बनेका छन् । प्रदेशको प्रवेशद्धारमै सुरक्षाकर्मीकै अगाडि खाजाघर निर्वाध रुपमा संचालन भइरहँदा लकडाउनको भने मज्जालेनै उल्लंघन भइरहेको छ ।

लकडाउन उल्लंघन गरी खाजाघर सञ्चालन गरेको गुनासो आएपछि अनुगमनमा पुगेको टोलीलाईसमेत होटल सञ्चालक सानु प्रेम बहादुर लामाले टेरेनन् । बर्दघाट नगरपालिका वडा नम्बर ४ का वडा अध्यक्ष रविन्द्र विक्रम हमाल, बर्दघाट बजार विकास समितिका अध्यक्ष शोभाकान्त कोइराला, हरियाली टोल विकास समितिका अध्यक्ष तारा गौतम र पत्रकारसहितको टोली अनुगमनमा पुगेको थियो ।

अनुगमन टोलीसँगै गएका दौतरी एफ एम का पत्रकार नारायण भण्डारीलाई फोटो नखिच्नु भन्दै सञ्चालक लामाले धम्क्याए । उनले पत्रकार भण्डारीतर्फ औंला ठड्याउँदै भने, 'तपाईले फोटो खिच्नुभाछ, यसलाई फ्ल्यास भ्वाईस गर्न पर्दैन ख्याल गर्नुस ।' उनी निकै आक्रोसित मुद्रामा देखिएका थिए । उनले वडाअध्यक्ष हमाललाईसमेत



पत्रकार बोलाएर ल्याएको भन्दै आक्रोस पोखेका थिए ।

हमालले कोरोनाले कसैलाई पनि नचिन्ने भएकोले यो महामारीको समयमा सबै गम्भीर हुनुपर्ने र खाजाघर बन्द गर्न आग्रह गर्दा लामाले उल्टै राजनीतिक पूर्वाग्रह राखेको आरोप लगाएका थिए । उक्त खाजाघरमा मदिरासमेत विक्री हुनेगरेको पाइएको छ ।

प्रहरीलेनै पटक पटक लकडाउनको पालना गरी पसल बन्द गर्न निर्देशन दिए पनि लामाले भने अटेरी गर्दै आएको प्रहरीको भनाइ छ । उल्टै आफुलाई फोर्स लगाएर सरुवा गराइदिने भन्दै धम्की दिएको बर्दघाट ईलाका प्रहरी कार्यालयका प्रहरी नायव निरीक्षक भवानी प्रसाद धमलाले बताए । उनले पसलमा लकडाउनकै समयमासमेत मदिरा विक्री हुने गरेको बताए ।

लामा आफैं पनि विभिन्न सामाजिक संघसंस्थामा काम गरेका व्यक्ति हुन् । उनी बर्दघाटमा रहेको दाउन्नेदेवी माध्यामिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षसमेत हुन् । टिसियन चोकमा लामाले बनाएको घरको जग्गा बन क्षेत्रमा पर्दछ । बन क्षेत्रकै जग्गामा लामाले ठुलै पक्कीघर ठड्याएका छन् ।

उनले पहुँचको दम्भ देखाएर बन क्षेत्रको जग्गा अतिक्रमण गरेको स्थानीयको भनाइ छ । लामाले पारिजात सामुदायिक बनको जग्गा अतिक्रमण गरेपछि सामुदायिक बनले अतिक्रमण गरीएको जग्गा खालि गरिदिन दुई पटकसम्म पत्राचार गरेको छ । तर लामाले भने टेरपुच्छर लगाएका छैनन् ।

सामुदायिक बनका अध्यक्ष चुडामणी भण्डारीले लामाले बनाएको घर बन क्षेत्रमा पर्ने र उनले घरसँगै बनाएको ट्रष्ट भने पारिजात सामुदायिक बनमा पर्ने भएकोले हटाउनका लागि ताकेता गरे पनि नटेरेको बताएका छन् । भण्डारीले अव तेश्रो पटक अतिक्रमण हटाउनका लागि पत्राचार गर्ने र त्यति गर्दा पनि नहटाए डिभिजन बन कार्यालयमार्फत टोली बोलाएर सवै सामान जफत गरिने बताएका छन् ।

लामा टिम्बर कर्पोरेसन नेपालका कर्मचारी हुँदादेखि नै तत्कालिन राजनैतिक दलका नेतृत्व, ईलाका बन कार्यालयका कर्मचारीहरुलाई प्रलोभनमा पारेर बनकै जग्गामा घर बनाएको जानकारहरु बताउँछन् । लामाले २०६७ तिर पक्किघर निर्माण गरेका हुन् ।

तत्कालिन समयमा टिसिएनको जग्गामा झुपडि बनाएर बसेका १४ घर परिवारलाई तत्कालिन ग्रामिण आवासले घडेरी दिलाएर त्यहाँ बाट उठाउँदा १३ घर परिवार कम्पनीले दिएको घडेरीमा गएर बसेको तर लामा भने घडेरी लिएर पनि बनकै जग्गा हडपेर बसेको स्थानीय अगुवाको भनाइ छ ।

# सशस्त्र प्रहरीद्वारा बरामद सामान भन्सार बुझाइयो



**सहबान अन्सारी/मध्यान्ह**
नवलपरासी, ५ जेठ

नवलपरासीमा सशस्त्र प्रहरीद्वारा बरामद गरिएको २ लाख २५ हजार रुपैयाँ बराबरको सामान भन्सार बुझाइएको छ । सशस्त्र प्रहरी बोर्डर आउट पोष्ट गुठी परसौनीले लकडाउनको अवधिमा बिभिन्न नाकाहरुबाट भारत तथा नेपालबाट अवैधरुपमा ओसार प्रसार गर्दै गरेको धानको बिउ, मल, मदिरा, बिषाधिलगायतको साथै भारतीय नम्बर यु.पी.५६एच, ९२६८ नम्बरको मोटरसाइकल दशगजाबाट बरामद गरेको थियो ।

बरामद सामानहरु स्थानीय पत्रकारहरुको उपस्थितिमा आवश्यक कारवाहीको लागी महेशपुर भन्सार कार्यालय बुझाइएको सशस्त्र प्रहरी निरीक्षक सुमन अधिकारीले बताए । लकडाउनको समयमा सीमा तस्करी तथा सीमा सुरक्षाको निगरानी पुर्ण रुपले बढाइएको साथै मानिसहरुलाई आवतजावतमा पूर्णरुपमा रोक लगाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

मदिरा पसलमा चोरी गर्ने भारतीय पक्राउ

नवलपरासीको प्रतापपुर गाउँपालिका वडा नं ६ हरपुर (झुलनिपुर भन्सार चोक )मा मदिरा पसलमा चोरी गर्ने एक जना भारतीय युवा रंगेहात पक्राउ परेका छन् । पसलमा चोरी गर्ने युवालाई स्थानीय ब्यपारीहरुले सोमबार बिहान तीन बजे तिर नियन्त्रणमा लिएका हुन् ।

भारतको जिल्ला महारजगंजस्थित झुलनिपुर गाउँको अन्दाजी १८ वर्षीय मेहताब अन्सारीलाई स्थानीयले नियन्त्रणमा लिएका हुन् । लकडाउनको समयमा सीमा सुरक्षाको लागी नाकामा सशस्त्र प्रहरीको निगरानी बढाइएको अवस्थामा नेपालबाट भारततर्फ बगेको पश्चिमी गण्डक नहरमा करिब २ महिनादेखि पानी बन्द रहेको हुँदा नहरको बाटो प्रयोग गरी नेपाल प्रवेश गरेको हुन सक्ने स्थानीय ब्यपारी प्रल्हाद कोइरीले बताए ।

गए राति बिजय मदिरा पसल, सोनी सहानी मदिरा पसल र यादव कोल्ड ड्रिङ्स गरी तिनवटा मदिरा पसलबाट ताल्चा तोडफोड गरि चोरी भएको हो । अन्सारीलाई स्थानीयहरुले नियन्त्रणमा लिई प्रहरी चौकी गुठी परसौनी बुझाइपछि उनलाई बेलाटारीको क्वारेन्टाइन पठाउने र त्यसपछि कार्यवाही प्रक्रिया अगाडि बढाउने प्रहरीले जनाएको छ ।

# लकडाउनको मोडालिटी परिवर्तन गर्न ठाकुरको अपिल



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ५ बैशाख

मधेश मानव अधिकार गृह (माहुरी होम)का अध्यक्ष रवि ठाकुरले करिब दुई महिनादेखि सरकारद्वारा जारी लकडाउनको मोडालिटी परिवर्तन गरी किसानले खेतमा ट्याक्टर लैजान, मल बीउ ल्याउन र दुध तरकारी बजारसम्म पुऱ्याउन सक्ने वातावरण बनाउन आग्रह गरेका छन् । अध्यक्ष छाकुरले सोमबार एक अपिल जारी गर्दै सो आग्रह गरेका हुन् ।

अध्यक्ष ठाकुरले आफ्नो अपिलमा उद्योगपतिले कामदार भित्रै राखी उद्योग चलाउन सक्ने, गाउँपालिकाले अन्तरिम परिषद् बोलाई सम्झौता भईसकेका ठेक्कापट्टाबाहेकको बजेट कोरेन्टाइनमा अस्थायी सौचालय निर्माण गर्न, खानेपानी ट्याङ्की निर्माण, उपभोक्ता समितिमार्फत कामको लागी खाद्यान्न तथा रकम, गरिब किसानलाई बिउबिजन वितरण, किसानलक्षित कार्यक्रम, बिदेशबाट आएका बेरोजगार युवालाई स्वरोजगार कार्यक्रम, पुरानो अवस्थामा रहेको विद्यालयलाई सामाजिक दुरी अवलम्वन गरी बेन्च व्यवस्थापन, विद्यार्थीलाई मास्क सेनिटाइजर वितरण, स्कुललाई सेनिटाइजिङ गर्नेजस्ता मान्छेले गर्ने विकासका गतिविधिहरु कोरोनाबाट बच्दै बचाउदै आवश्यकीय गतिविधिको वातावरण बनाउन आग्रह गरेका छन् । उनले स्थानीय निकायको अषाढ मसान्तमा बजेट फ्रीज हुने व्यवस्था यस बर्ष महामारीका कारण असोज मसान्तसम्म कायम गरिदिनका लागीसमेत जिल्ला प्रशासन कार्यालय एवं स्थानिय निकायलाई यथाशीघ्र परिपत्र गरिदिन संघिय सरकार र प्रदेश सरकारलंगसमेत अपील गरेका छन् । समाजसेवीका रुपमासमेत परिचित अधियक्ष ठाकुरको अपिललाई यहाँका बुद्धिजीवी एवं सर्वसाधारणले व्यबहारिक र स्वागतयोग्य मानेका छन् ।

# लायन्स क्लव अफ पोखरा भिजिटको अध्यक्षमा पौडेल

**पोखरा/मस-** लायन्स क्लब अफ पोखरा भिजिटको अध्यक्षमा कमल पौडेल निर्वाचित भएका छन् । पत्रकार एवं समाजसेवी पौडेल लायन वर्ष २०२०/२१ को लागि अध्यक्षमा निवाचित भएका हुन् । पौडेल यसअघि सो क्लवका प्रथम उपाध्यक्षका रुपमा कार्यरत थिए । लकडाउनको समयमा अनलाइन प्रविधिको माध्यमबाट निर्वाचन प्रक्रिया सम्पन्न भएको क्लबका अध्यक्ष महेन्द्र सापकोटाले जानकारी दिए । अइतबार भिडियो कन्फरेन्समार्फत क्लवको निर्वाचन सम्पन्न भएको हो ।

सो निर्वाचनमा निवर्तमान अध्यक्ष महेन्द्र सापकोटा, प्रथम उपाध्यक्ष सुवास पौडेल, द्वित्तीय उपाध्यक्ष बाबुराम तिवारी राजेश, तृतीय उपाध्यक्ष सुरेन्द्र लामिछाने,



सचिव रामहरि वाग्ले, सहसचिव गणेश भण्डारी, कोषाध्यक्ष रामकृष्ण पौडेल (सुमित) र सहकोषाध्यक्ष ढकनाथ ढुंगाना निर्वाचित भएका छन् ।

यस्तै मेम्बरसिप चेयरपर्सन वसुदेव आचार्य, एलसिआइएफ कोअर्डिनेटर महेश रेग्मी, सर्भिस चेयरपर्सन रामकृष्ण भण्डारी, क्लब मार्केटिङ एन्ड कम्युनिकेसन चेयरपर्सन सूर्य सापकोटा चयन भए । हेल्थ डाइरेक्टर राजु पौडेल, सांस्कृतिक डाइरेक्टर कमलप्रसाद पौडेल, खेलकुद डाइरेक्टर पोमिल लामिछाने, वातावरण निर्देशक धर्म शर्मा, ट्राभलिङ निर्देशक चोलाकान्त पराजुली (लक्ष्मण) चयन भएका छन् ।

यसैगरी अन्तर क्लब समन्यव निर्देशक राधाकृष्ण बसौला (आरके बसौला), टेल ट्विस्टर दीपक पोखेरल सल्लाहकारमा हिरामणि शर्मा, काशीराम शर्मा, भविश्वर पराजुली (दिपेश), सुबास आचार्य निर्वाचित भएका छन् ।

लायन वर्ष २०१९/२० मा स्थापना भएको क्लबले स्थापनाको प्रथम वर्षमा नै सामाजिक कार्यमा अग्रणी स्थान हासिन गर्न सफल भएको सचिव लायन सुरेन्द्र लामिछानेले बताए ।

# कोरोना परीक्षण हुने भएपछि फोहर उठ्ने

**काठमाडौं/मस-** सिसडोलवासीको कोभिड-१९ परीक्षण हुने भएपछि काठमाडौं उपत्यकाको नियमित फोहर विसर्जन हुने भएको छ । सिसडोलवासीले कारोना परीक्षणको माग राख्दै ककनी गाउँपालिकाले सोमबारदेखि लागू हुने गरी एम्बुलेन्स बाहेकका सवारी आवतजावतमा रोक लगाएपछि कुनै पनि फोहरका गाडी काठमाडौं उपत्यकाबाट सिसडोल जान पाएका थिएनन् ।

काठमाडौं महानगरपालिकाका प्रमुख विद्या विद्यासुन्दर शाक्यको नेतृत्वमा सोमबार ककनी गाउँपालिका जनप्रतिनिधिसहित बसेको बैठकले तत्कालका लागि यो समस्या समाधान गर्ने सहमति गरेको हो । ककनी गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयको मागअनुसार सिसडोलवासीमा कोरोना सङ्क्रमण भए-नभएको पुष्टिका लागि काठमाडौं महानगरपालिकाको नेतृत्व र स्वास्थ्य विभागको सहयोगमा परीक्षण गर्ने सहमति भएको छ ।

कामपाले मंगलबार नै स्वास्थ्य विभागको टोलीसहित सिसडोल पुगेर आरडिटी र पिसिआर विधिबाट कोरोना भाइरस परीक्षण गरिने जानकारी दियो । उपत्यकाको फोहोरा छोपेर सिसडोल लैजाने सहमति भयो । प्रमुख शाक्यले भने, 'सहमतिअनुसार बेलुका ८ बजेदेखि बिहान ६ बजेसम्म फोहर विसर्जन गरिसक्नुपर्ने छ ।'

ककनी गाउँपालिकाका प्रमुख मानबहादुर लामाले सिसडोलवासीले कोरोना सङ्क्रमणको डर बढिरहेका बेला स्वास्थ्य परीक्षणको माग गरेको र त्यो माग पुरा भएकाले हालको नियमित फोहर विसर्जन हुने जानकारी दिए ।

# यशोधरा गाउँपालिकाले पीसीआर किट खरिद गर्ने

**कपिलबस्तु/मस-** कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिकाले क्वारेन्टाइनमा बसेका व्यक्तिहरुको पीसीआर जाँच गर्नका लागि १२ सय किट खरिद गर्ने भएको छ । गाउँपालिकालाई आवश्यक किट उपलब्ध गराइदिन संघ र प्रदेश सरकारलाई बारम्बार अनुरोध गर्दा पनि कुनै सुनवाई नभएपछि यशोधरा गाउँपालिकाले १२ सय किट खरिद गर्न लागेको गाउँपालिकाका प्रमुख गिरिजेश कुमार पाण्डेयले बताए ।




गाउँपालिकाको परिस्थितिलाई ध्यानमा राखी गाउँपालिकाको कुनै पनि कोषबाट भुक्तान हुने गरी सो किट खरिद गर्ने निर्णय भएको अध्यक्ष पाण्डेयले बताए । उक्त गाउँपालिकामा ६२ जनाको जाँच गर्दा १२ जनामा कोरोना भाइरस (कोभिड-१९) संक्रमित भेटिएको स्वास्थ्यकर्मी ज्योति दुवेले बताए । गाउँपालिकाको विभिन्न वडा, स्कुल तथा मदरसाहरुमा निर्माण गरिएको क्वारेन्टाइनमा १ हजार १५४ जना नागरिक रहेका छन् ।

पीसीआर किट मगाउन नेपाली कांग्रेसका युवा नेता एवं समन्वय समिति सदस्य अनुप कुमार पाण्डेयले गाउँपालिका प्रमुख पाण्डेयलाई अनुरोध गरेका थिए । त्यस्तै गरी कतिपय क्वारेन्टाइनबाट भाग्ने गरेकाले यो महामारी जिल्लालगायत देशभरी फैलने हुँदा नेपाली कांग्रेसका युवा नेता पाण्डेयले नियमानुसार क्वारेन्टाइनमा बसिदिन सबैमा अनुरोध गरेका छन् ।

उनले आफनो वडालगायत गाउँपालिकाको क्वारेन्टाइनमा बसेकालाई साबुन, सर्फ, सेनेटाइजर, झुललगायतका सामग्रीहरु उपलब्ध गराउँदै आएका छन् । जिल्लामा ४३ जना कोरोना संक्रमित भेटिएका छन् । जसमध्ये चार सुरक्षाकर्मी, एक नर्स, २ कर्मचारी र एक ६ वर्षीया बालिकासमेत रहेका छन् ।

## साउदीले...

त्यसैगरी कोरोना संक्रमणका कारण विभिन्न समस्यमा परेका नेपाली नागरिकहरुले आफ्नो विवरण अनलाइन फारमबाट नेपाली राजदूतावासमा पठाउन आग्रह समेत गरेको छ । त्यस्तै राजदूतावासले समस्यामा परेकाहरुलाई टेलिफोन नम्बर ०११४६११११०८ र हटलाइन नम्बर ०५५९३८९६०० मा सम्पर्क गर्न सकिने जनाएको छ ।

यसैबीच साउदी अरबका लागि नेपाली राजदूत डा. महेन्द्र प्रसाद सिंह राजपुतले साउदीमा हालसम्म २० हजार नेपाली स्वदेश फर्कने अवस्थामा रहेको र उनीहरुलाई फर्काउने प्रबन्ध गर्न परराष्ट्र मन्त्रालयलाई लिखित जानकारी दिएको बताएका छन् । रोजगारी गुमाएका, अवैधानिक रुपमा बसेका, गर्भवतीलगायतका गुनासा बढेको उनको भनाइ छ ।

## सडक....

अहिले यी स्थानका घरमा कोही नयाँ मान्छे आए पनि सम्बन्धित वडा कार्यालयमा जानकारी हुने गरेको छ । नयाँ मान्छे नल्याउन र कोहीकहीँ नजानका लागि सबैलाई सम्बन्धित वडाले कडा गरेको छ कामपाका प्रवक्ता ईश्वरमान डङ्गोलले बताए ।

उनले भने, "अवस्था जटिल बन्दै गएकाले अब नागरिक अटेर गरी सडकमा निस्के केन्द्र सरकारको सहयोगमा थप कारवाहीको प्रक्रिया अघि बढाइनेछ ।" कामपाले जोखिम हुन नदिन उपत्यका प्रवेश गर्ने र जाने क्रमलाई तत्काल रोक्न केन्द्र सरकासँग माग पनि गरेको जनाएको छ ।


# व्यवसायी पोखरेललाई मातृशोक




**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी चेतु बाबा पोखरेललाई मातृशोक परेको छ । राजधानीको ललितपुरस्थित चन्द्रमा ओभरसिज प्रा.लि.का सञ्चालक पोखरेलकी आमा कोमल कुमारी पोखरेलको ८५ वर्षको उमेरमा बैशाख ३० गते निधन भएको हो ।

ललितपुर महालक्ष्मी नगरपालिका ९, लुभु लामाटार स्थित आफ्नै निवासमा पोखरेलको निधन भएको हो । स्व. पोखरेलका ५ छोरी र २ छोरा छन् ।

# जम्मा ६८ प्रशिक्षकको पुरस्कार खातामा





नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
आर्थिक प्रशासन शाखा

पत्र संख्या : ०७६/७७
चलानी नं :

सिंहदरबार,
काठमाडौं
नेपाल ।
मिति:-२०७७।०२।०५

जानकारी

मिति २०७६।०८।१५ देखि २०७६।०८।२४ सम्म नेपालमा सम्पन्न भएको १३ औं दक्षिण एसियाली खेलकुद प्रतियोगितामा पदक प्राप्त गर्ने नेपाली खेलाडी तथा खेल सँग सम्बन्धित प्रशिक्षक र सहायक प्रशिक्षकहरुलाई नगद पुरस्कार एवं सम्मानपत्र एक समारोहबीच वितरण गर्ने कार्यक्रम राखीएकोमा कोभिड-१९ संक्रमणको कारण हाल समारोह आयोजना गरी पुरस्कार वितरण तथा सम्मान कार्यक्रम गर्न सम्भव नभएकोले पदक प्राप्त गर्ने ४३५ जना नेपाली खेलाडीहरुलाई नगद पुरस्कार कुल जम्मा रु. १९ करोड ५३ लाख यस अधि नै सम्बन्धित खेलाडीहरुको बैंक खातामा जम्मा गरि सकिएको छ । उक्त खेलकुद प्रतियोगिता सँग सम्बन्धित ११२ जना प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुमध्ये "खेलकुद पुरस्कार तथा सम्मान कार्यविधि, २०७२" अनुसार राष्ट्रिय खेलकुद परिषदबाट उपलब्ध गराइएको विवरण बमोजिम हाल ६८ जना प्रशिक्षक तथा सहायक प्रशिक्षकहरुलाई नगद पुरस्कार जम्मा रकम रु. १ करोड ८६ लाख संबन्धितहरुको बैंक खातामा जम्मा गरिएको छ । तसर्थ संबन्धित ले आ-आफ्नो बैंक खाता चेक गरी पुरस्कार रकम प्राप्तीको यकिन गर्नुहुन अनुरोध गरिन्छ । यदि रकम जम्मा नभएको वा अन्यथा भएको लागेमा यस मन्त्रालयको आर्थिक प्रशासन शाखाका श्री मनोज कुमार महतो (मो नं. ९८६४००९०८४) वा राष्ट्रिय खेलकुद परिषद्का श्री कमल खनाल (मो नं. ९८५१०२४७८९) लाई सम्पर्क गर्नु हुन जानकारी गराईन्छ । सम्मानपत्रको हकमा कोभिड-१९ संक्रमणबाट अवस्था सामान्य भएपछि उपलब्ध गराइनेछ ।

पुनश्च: उक्त खेलकुद प्रतियोगिता संग संबन्धित पुरस्कार प्राप्त गर्न बाँकी रहेका प्रशिक्षक तथा सहायक प्रशिक्षक र खेल संघसंस्थाको हकमा कार्यविधी अनुसार कुनै पेश्की वा सरकारी बाँकी नरहेको व्यहोरा राष्ट्रिय खेलकुद परिषदबाट लेखी आएपछि रकम भुक्तानी गरिने व्यहोरा समेत सुचित गरिन्छ ।

धन्यवाद ।

डा. मान बहादुर बीके
सह-सचिव (प्रवक्ता)

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

काठमाडौंमा गत मंसिरमा सम्पन्न भएको १३ औं दक्षिण एशियाली खेलकुद (साग) मा पदक विजेता खेलाडीहरुले ढिलै गरि पुरस्कार रकम हात पारे। सरकारले सागमा पदक विजेता खेलाडीसहित प्रशिक्षक, सहायक प्रशिक्षक र खेलसंघलाई नगद पुरस्कार दिने घोषणा गरिएको थियो। सरकारले घोषणा गरेको ५ महिना पछि खेलाडीको नगद पुरस्कार खातामा पठाइएको थियो। वैशाख पहिलो साता खेलाडीहरुले पुरस्कार पाए पनि प्रशिक्षकहरुले भने प्राप्त गर्न सकेका थिएन। खेल अघि प्रशिक्षकहरुले तयारी खर्च वापत लगेको पेश्की रकम समयमा फर्च्योट हुन नसक्दा प्रशिक्षकको पुरस्कार खातामा पठाउन ढिलाई भएको राष्ट्रिय खेलकुद परिषद् राखेपले जनाएको थियो। तर, सबै प्रशिक्षकले भने पुरस्कार पाएका होइनन्। सागका १ सय १२ प्रशिक्षक मध्ये जम्मा ६८ जनाले मात्र अहिले पुरस्कार पाएका छन्।

युवा तथा खेलकुद मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै सागका प्रशिक्षक र सहायक प्रशिक्षक गरि ६८ जनाको १ करोड ८६ लाख रुपैयाँ बैंक खातामा जम्मा गरिएको जानकारी दिएको छ।

प्रशिक्षक, सहायक प्रशिक्षक र सम्बन्धित संघको हकमा राष्ट्रिय खेलकुद परिषद्मा बेरुजु फछ्र्यौट नभएसम्म पुरस्कार रकम नदिइने खेलकुद तथा सम्मान कार्यविधि २०७२ मा उल्लेख छ। उक्त कार्यविधि अनुसार अझै ५४ प्रशिक्षक र सहायक प्रशिक्षकले पुरस्कार राशी पाउन बाँकी रहेको छ।

सागमा स्वर्ण दिलाउने टोलीका मुख्य प्रशिक्षकलाई स्वर्ण ५ लाख, रजत जित्नेलाई ३ लाख र कास्यलाई २ लाख प्राप्त गरेको राष्ट्रिय टोली तयारी समितिका सचिव महेन्द्र राईले जानकारी दिए। त्यस्तै टोलीका सहायक प्रशिक्षकमध्ये स्वर्णले ३, रजतले ३ र कास्यले १ लाख रुपैयाँ प्राप्त गरे। त्यस्तै संघतर्फ स्वर्ण जित्ने संघलाई ९, रजत जित्नेलाई ६ र कास्य जित्नेलाइ ३ लाख रुपैयाँ प्राप्त गर्नेछन्। वैशाख २ गते सागमा पदक जित्ने ४ सय ३५ जना खेलाडीलाई सरकारले १९ करोड ५३ लाख रुपैयाँ उपलब्ध गराएको थियो। मंसिर १५ देखि २४ गते सम्म काठमाडौं, पोखरा र जनकपुरमा भएको १३ औं सागमा ५१ स्वर्ण, ६० रजत र ९६ रजत गरि २ सय ७ पदक जित्दै पदक तालिकामा दोस्रो स्थान हासिल गरेको थियो।

# जापानको अर्थव्यवस्था मन्दीतर्फ उन्मुख



**टोकियो, एजेन्सी–** विश्वको तेस्रो ठूलो अर्थतन्त्र रहेको जापानको पहिलो त्रैमासिक अवधिमा कोरोनाभाइरसका कारण पेशा व्यवसायका सेवाहरू कटौती हुँदा जापानी अर्थव्यवस्था मन्दीतर्फ उन्मूख भएको देखिएको छ।

तर अमेरिका र युरोपका नेताहरूले कोरोनाभाइरसको खोप तत्काल निर्माण सम्भव नभएपछि जोखिम लिएरै पनि आफ्ना मुलुकमा जारी लकडाउन र प्रतिबन्धहरूमा सहजीकरण गर्न थालेका छन्।

जापानको प्रधानमन्त्री कार्यालयले सोमबार मुलुकको यथार्थ कूल गार्हस्थ्य उत्पादन (जिडिपी) ३.४ प्रतिशत रहने पूर्वानुमान गरेको छ। कार्यालयले आगामी दिनमा जिडिपी अरू न्यून हुने जनाएको छ। जापानको व्यापार चीन र संयुक्तराज्य अमेरिकामाथि बढी नै निर्भर भएकाले पनि अर्थतन्त्र खुम्चिएको हो।

निकै समस्यामा परेको इटालीका प्रधानमन्त्री जिसेप कोन्टेले सोम बार मुलुकका रेस्टुराँ, बार र बिचहरू खुला गर्ने बताउनुभएको छ। इटालीमा यी सेवा खुला गर्न केही हप्ता लाग्ने बताइए पनि प्रधानमन्त्री कोन्टेले परिस्थितिमा नाटकीय सुधार आएको बताउँदै तोकिएको समयावधि अघि नै यी सेवा खुला गर्न आदेश दिएका हुन्।

प्रधानमन्त्री कोन्टेले "हामीले यो जोखिमको सामना गर्नु परिरहेको छ, हामीलाई यसलाई स्वीकार्नै पर्दछ, अन्यथा हामीले कहिल्यै पनि जनजीवन खुला गर्न सक्दैनौं" भने।

विश्वका अरू मुलुकका सरकारहरू सहित अमेरिकाका धेरै राज्यले कोरोनाभाइरसका कारण जारी लकडाउनमा सहजीकरण गर्न र जनजीवन खुला गर्न संघर्षरत छन्। संयुक्तराज्य अमेरिकाका धेरै राज्यका बारहरू, रेस्टुराँ, बिचहरूमा मानिसको ठूलो भिडभाड देखिएका छन्। उनीहरूले राज्यहरूले जारी गरेका सामाजिक दूरी समेतका नियमहरू बेवास्ता गरेको पाइएको छ।

बेलायती प्रधानमन्त्री बोरिस जोन्सनले कोरोनाभाइरसको खोप सम्भवतः कहिल्यै बनाउन नसकिने आइतबार बताए। विश्वभर खोप बनाउन प्रयास भइरहे पनि यो सम्भव देखिन्न, प्रधानमन्त्री जोन्सनले जानकारी दिए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिकी अर्थतन्त्र र जनजीवनलाई जतिसक्दो चाँडो सहज तुल्याइने बताउनुभएको छ। उहाँले एनबिसी टेलिभिजनलाई प्रतिक्रिया दिँदै भन्नुभयो, "हामी खोप बनाउने, उपचार गर्नेतर्फ विचार गरिरहेकै छौं, तर यी कुराहरू निकै जटिल छन्।"

राष्ट्रपति ट्रम्पका वरिष्ट आर्थिक सल्लाहकार पिटर नाभारोले कोरोनाभाइरस महामारीका बारेमा अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले पर्याप्त अध्ययन गर्न नसकेको बताउनुभएको छ।

अमेरिकामा मात्र ३ करोड ६० लाख मानिस बेरोजगार भइसकेका छन्। व्यवसायहरू बन्द भएका कारण ठूलो क्षति व्यहोर्न बाध्य धेरै अमेरिकी राज्यहरूले घरमै बस्ने र अरू प्रतिबन्धहरू हटाएका छन्। राज्यहरूले केही विशेष किसिमका व्यवसाय खुला गर्न दिइसकेका छन्।

जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार झण्डै ४८ लाख मानिस कोरोना संक्रमित भइसकेका छन् भने तीन लाख १५ हजार भन्दा बढी मानिसको मृत्यु भएको छ। अमेरिकामा मात्र ८९ हजारभन्दा बढीको मृत्यु भएको छ भने युरोपेली मुलुकहरूमा १ लाख ६० हजारभन्दा बढीको ज्यान गइसकेको छ। अधिकांश अवस्थामा मानिसमा कोरोनाभाइरसका सामान्य लक्षणहरू देखिन्छन्। तर ज्येष्ठ नागरिक र स्वास्थ्य समस्या रहेका व्यक्तिमा गम्भीर स्वास्थ्य समस्या देखिन सक्छ। यस्ता व्यक्तिको मृत्यु पनि हुने गर्दछ।

# बुन्डेस लिगामा बायर्नको सहज जीत



**काठमाडौं, एजेन्सी-** शीर्षस्थानमा रहेको बायर्न म्युनिखले कोभिड १९ को महामारीका बीच सुचारु जर्मन बुन्डेसलिगामा सहज जित हात पारेको छ। बायर्नले तुलनात्मक रुपमा कमजोर प्रतिद्धन्द्धी युनियन बर्लिनमाथि २-० को सहज जित निकालेको हो।

स्टार फरवार्ड रोबर्ट लेवान्डोस्की र बेन्जामिन पाभार्डको गोलसँगै बायर्नले आइतबार राति भएको खेलमा युनियन बर्लिनलाई उसकै मैदानमा २-० को सहज जित निकालेको हो।

खेलको १८औं मिनेटमा बायर्नका थोमस मुलरको गोल गरेपनि भीएआरको सहायताले उनको गोलले मान्यता पाएन। उनी अफसाइड ठहरिए। ४०औं मिनेटमा लेवान्डोस्कीले पेनाल्टीमा गोल गर्दै बायर्नलाई पहिलो हाफमा १-० को अग्रता दिलाए। ८१औं मिनेटमा पाभार्डले गोल गर्दै बायर्नलाई २-० को सहज जित दिलाए।

जितसँगै बायर्नले शीर्षस्थानमा ४ अंकको अग्रता बनाएको छ। बायर्नको २६ खेलबाट ५८ अंक पुगेको छ। दोस्रो स्थानमा रहेको बोरुसिया डर्टमण्डको ५४ अंक छ। पराजित बर्लिन ३० अंक जोडेर १२ औं यथावत रहेको छ।

लिग अन्तर्गत अर्को खेलमा क्लोन र मेइन्ज २-२ गोलको बराबरी खेल्दै अंक बाडेका छन्। घरेलु टोली क्लोनले २-० को अग्रता लिएर पनि जोगाउन नसक्दा बराबरीमा रोकिन बाध्य बन्यो।

क्लोनका मार्क अथ र फ्लोरिन काइन्जले तथा मेइन्जका ताइओ एओनियाी र पिरे कुन्डीले गोल गरे। बराबरीपछि क्लोन १०औं स्थानमा तथा मेइन्ज १५औं स्थानमा यथावत छ।

# विश्वकप सरे, आईपीएल सम्भव !




**मुम्बई, एजेन्सी–** भारत सरकारले चौथो चरणको लकडाउन थपेको छ। दुई साताका लागि थपेको लकडाउन मे महिनाको अन्तिमसम्म जारी हुनेछ। त्यसको असर अब विभिन्न प्रतियोगितामा पर्ने देखिएको छ। जसमा इन्डियन प्रिमियर लिग चार महिनासम्म नहुने पक्का भएको छ।

बीसीसीआईले विज्ञेप्ति निकाल्दै लकडाउनको मिती लम्बयाएपछि अब खेलाडीको प्रशिक्षण र प्रतियोगिता सुचारु गर्नका लागि कुनै पनि हतार नगर्ने बतायो।

बीसीसीआईका कोषाध्यक्ष अरुण धुमलले हाम्रा लागि खेलाडीको स्वास्थ्य पहिलो प्राथमिकता रहेको बताए। बीसीसीआईले कोरोनालाई बढावा दिने किसिमको कुनैपनि गतिविधी बीसीसीआईले नगर्ने बताएका छन्।

यता आइसीसीले टी २० विश्वकपका विषयमा २८ ताखिरमा हुने बोर्ड बैठकले छिनोफानो गर्नेछ। अष्ट्रेलियामा अक्टोबरबाट हुने भनिएको टी २० विश्वकपका विषयमा आइसीसीले के निर्णय गर्छ, त्यसमा बीसीसीआई र आइपीएलको नजर हुनेछ।

यदि टी २० विश्वकप तोकेको मितिमा नै हुने भयो भने यो बर्षको आइपीएल हुने संभावना समाप्त हुनेछ। यदि विश्वकप नहुने भयो भने त्यो समयमा आइपीएल गर्न बीसीसीआईले तयारी गर्नेछ।

किनकि भारतीय क्रिकेट टिमको अहिलेसम्मको तालिका अनुसार जुन जुलाईमा तीन एकदिवसिय र तीन टी २० का लागि श्रीलंका जाने योजना रहेको छ। यस्तै अगष्टमा जिम्बावेमा तीन एकदिवसिय सिरीजका लागि जानेछ। यस्तैमा एशिया कप पनि हुने भनिएको छ।

अगष्टको तेस्रो साता देखि नोभेम्बरसम्म टिम ब्यस्त हुनेछ। यो बीचमा सात दिन ग्याप रहेको छ। यदि बीसीसीआईले आइपीएलका लागि सिरीजहरु रद्द गरेमा आइसीसीले कारवाहि गर्ने संभावना रहेको छ। त्यसैले आइपीएलका लागि एक्लो विकल्प टी २० विश्वकप सर्नु नै रहेको छ।

# इजरायली संसदबाट नयाँ सरकारलाई विश्वासको मत



**तेल अभिभ, एजेन्सी-**इजरायली संसद (नेसेट)ले प्रधामन्त्री बेन्जामिन नेतन्याहू र मुख्य विपक्षी नेता बेन्नी गान्जको एकताको नवगठित सरकारलाई आइतबार समर्थन गरेको छ।

विश्वासको मत प्राप्त गर्न नेसेटमा भएको मतदानमा नवगठित सरकारको पक्षमा ७३ मत प्राप्त भएको थियो। विपक्षमा ४६ मत परेको थियो।

इजरायलकै इतिहासमा कुनै दल वा गठबन्धनले बहुमत ल्याउन नसक्दा एक वर्षभित्रै तेस्रो पटक संसदका लागि आमनिर्वाचन भएको थियो। सरकार गठनमा यसपटक पनि समस्या देखिएपछि प्रधानमन्त्री नेतन्याहू र उनका प्रतिद्वन्द्वी बेन्नी गान्जबीच सत्ता साझेदारीका विषयमा सहमति जुटेपछि नयाँ सरकार गठन भएको हो।

सरकारले संसदबाट अनुमोदन प्राप्त गरेलगत्तै अब नयाँ मन्त्रिपरिषद गठनका लागि बाटो खुलेको छ। नयाँ सम्झौता बमोजिम पहिलो १८ महिना वर्तमान प्रधानमन्त्री नेतन्याहू प्रधानमन्त्री पदमा रहने छन् भने त्यसपछि सन् २०२१ को नोभेम्बर १७ बाट बेन्नी गान्ज प्रधानमन्त्री बन्ने छन्।

# सेल्टिकले जित्यो, स्कटिस लिग





**काठमाडौं, एजेन्सी–**कोरोनाका कारण रद्द भएको स्कटल्याण्डको स्कटिस प्रिमियर लिग फुटबलको च्याम्पियन सेल्टिकलाई बनाइएको छ। कोरोना भाइरसका कारण स्थगित भएको लिग सुचारु हुनसक्ने संभावना कम भएपछि आयोजकले लिग रद्द गर्ने निर्णय गरेका हुन्। जसका कारण सेल्टिकलाई उपाधि दिइएको छ।

सेल्टिकले लगातार आठौं पटक स्कटिस प्रिमियर लिगको उपाधि जितेको हो। यस्तै हर्टसलाई दोस्रो डिभिजनमा रेलिगेट गरिएको छ। स्कटिस प्रिमियर लिगले विज्ञेप्ति जारी गर्दै सबै क्लवले लिग रद्द गर्नमा सहमत भएपछि रद्द गरिएको बताए। जसका कारण लिगमा हरेक खेलको अंकका आधारमा शिर्ष स्थानमा रेल्टिक रहने भएकाले उसलाई उपाधि दिलाइएको हो।

पोइन्ट पर गेमका आधारमा स्टेट जोनस्टोन छैटौं स्थानमा रहने छ। यस्तै एबरडीन र मोदरवेलले युरोपा लिगाका लागि छनोट भएका छन् भने रेञ्जर्सले प्लेअफ खेल्नेछ।

# सिरियामा सात जना लडाकू फरार



**दमास्कस, एजेन्सी–** इस्लामिक स्टेट समूहसँग आबद्ध सात जना आतंककारी उत्तरपूर्वी सिरियाको कुर्दिस बहुल क्षेत्रस्थित एक कारागारबाट फरार भएका छन्।

साना समाचार समितिका अनुसार यी कैदीहरू अल-हावाल नगरमा रहेको कारागारबाट फरार भएका हुन्। कुर्दिस सिरियाली डेमोक्रेटिक फोर्सले फरार कैदीको खोजी थालेको छ।

अर्को कुर्दिस नगर अल-सिनाबाट पनि मार्च महिनाको अन्त्यतिर तल्लो तहका इस्लामिक स्टेटका लडाकूहरू फरार भएको बताइएको छ।

# क्यानाडाको सैनिक विमान दुर्घटनाग्रस्त



**ओट्टावा, एजेन्सी–** क्यानाडेली वायुसेनाको एउटा लडाकू विमान आइतबार ब्रिटिस कोलम्बियाको कामलूप्स विमानस्थल नजिकै दुर्घटनाग्रस्त भएको छ। दुर्घटनाबाट एक पाइलटको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन्।

सिबिसी टेलिभिजनका अनुसार आकाशमा एक्रोब्याट्स प्रदर्शन गर्नेक्रममा उक्त विमान दुर्घटनाग्रस्त भएको हो। विमानमा सवार अर्का घाइते पाइलटको उपचार भइरहेको छ।

प्रत्यक्षदर्शीले लडाकू विमान विमानस्थलबाट उडेको केही छिनमै आवाशीय क्षेत्रमा खसेको बताएका छन्। क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले उक्त घटनाबाट आफू दुःखी भएको बताए।




**दर्शक विनाको खेल** : जर्मन बुन्डेसलिगामा वायर्न म्युनिख र युनियन बर्लिनबीचको खेल। महामारीका कारण स्थगित भएको लिग शनिबारदेखि उच्च सतर्कताका साथ शुक्रबारदेखि सुरू भएको छ।

# बजेटमा आफ्ना माग समेट्न उद्योग वाणिज्य महासंघको जोडदार माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ५ जेठ

नेपाल उद्योग वाणिज्य महासंघले सरकारले आफ्ना माग संबोधन नगरे सबै उद्योगी व्यवसायी सडक आन्दोलनमा उत्रन सक्ने बताएको छ । सोमबार आयोजना गरिएको वेबिनारमा बोल्दै महासंघकी अध्यक्ष भवानी राणाले सरकारले नीति तथा कार्यक्रममार्फत आफ्नो माग र योगदानलाई सम्बोधन नगरेको जानकारी दिँदै आगामी आर्थिक बर्षको बजेटमा पनि नसमेटिए सबै व्यवसायी एकजुट भएर आन्दोलनमा उत्रने घोषना गरेकी हुन् ।

'हाल सरकारले उद्योग व्यवसायीको माग संबोधन नगरेको भन्दै जिल्ला तथा नगरका उद्योगी व्यवसायीबाट व्यवसाय नै बन्द गरेर आन्दोलनमा उत्रने भन्दै ऐक्यवद्धता आएको छ,' राणाले भनिन, 'अहिले बैंकको ब्याजदर तिर्न नसकेर आत्महत्या गर्नुपर्ने अवस्था सिर्जना भैसकेको छ तसर्थ हामी अहिले गर या मरको अवस्थामा छौं ।' अन्य देशमा उद्योग व्यवसाय तथा अर्थतन्त्र उद्धारका लागि राहतका ठूला आर्थिक प्याकजे आईसक्दा पनि नेपाल सरकारले यसलाई गम्भिरतापूर्वक नलिएको भन्दै जिल्ला तथा नगरबाट नेतृत्वलाई दबाब आएको बताईन् ।




जस अन्तरगत आफ्ना उद्योग बन्द गर्ने, सरकारलाई उद्योग व्यवसायको चावी बुझाउने जस्ता कार्यक्रम गर्ने र त्यति गर्दा पनि सुनुवाई नभएका आन्दोलनमा उत्रने जानकारी दिए । महासंघले विशेषगरी बैंक ब्याजदरमा न्युनतम ५ प्रतिशत घटाउनुपर्ने बताएको छ भने समस्यामा परेका उद्योग व्यवसाय उकास्नका लागि ३ बर्षका लागि १ खर्ब रुपैयाँको पुनर्कर्जा कोष संचालनमा ल्याउनुपर्ने बताएको छ ।

यसैगरी उक्त पुनर्कर्जाको ब्याज अधिकतम ३ प्रतिशतभन्दा बढी हुननहुने माग अघि सारेको छ। साथै घाटामा गएका उद्योगहरुको कर्जालाई ५ बर्षसम्म वाच लिष्टमा राख्न नहुने बताएको छ। यसैगरी हाल बैंक तथा वित्तीय संस्थाहरुले कर्जाको नविकरण गर्दा नयाँ ऋण लिँदा विभिन्न खालका सेवा शुल्क लिने गरेको भन्दै यसलाई समेत तत्काल खारेज गर्नुपर्ने माग अघि सारेको छ ।

यसैगरी महासंघले व्यक्तिगत तथा संस्थागत आयकरमा २० प्रतिशत छुट दिनुपर्ने माग अघि सारेको छ भने हालको १३ प्रतिशतको मूल्य अभिवृद्धि कर (भ्याट)लाई १० प्रतिशतमा झार्नुपर्ने बताएको छ। यसैगरी लकडाउनको समयमा पनि सरकारले उद्योगमा विजुलीको विल पठाइरहेको भन्दै यस अबधिमा डिमाण्ड शुल्क मिनाहा गर्नुपर्ने बताए । साथै उद्योग व्यवसायलाई न्युनतम २ बर्षसम्म विद्युत महशुलमा ४ प्रतिशत छुट दिनुपर्ने माग अघि सारेको छ ।

# गाउँपालिकाद्वारा दैनिक खाजा भत्ता वितरण

**भोजपुर/मस-**भोजपुरको पौवादुङमा गाउँपालिकाले 'लकडाउन'का समयमा खटिने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीलाई दैनिक खाजा भत्ता वितरण गर्दै आएको छ । कार्यस्थलमा दिनरात खटिएका उनीहरुलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ भत्ता वितरण थालिएको गाउँपालिका उपाध्यक्ष सम्झना राईले जानकारी दिए ।

उनले भने, "कार्यस्थलमा दिनरात खट्ने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीको मनोबल उच्च बनाउने उद्देश्यले गाउँकार्यपालिकाको निर्णयअनुसार उहाँहरुलाई दैनिक खाजा भत्ता दिँदै आएका छौं ।"

गाउँपालिकाको निर्णयअनुसार सुरक्षाकर्मी र स्वास्थ्यकर्मीका इञ्चार्जले दैनिक रु तीन/तीन सय र अन्य सुरक्षाकर्मी र स्वास्थ्यकर्मीले रु दुई/दुई सयका दरले भत्ता पाउँदै आएका छन् । त्यस्तै इञ्चार्जले महिनामा रु एक हजार र स्वास्थ्य स्वयंसेविकाले रु ५०० का सञ्चार खर्चसमेत पाउँदै आएको गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले इलाका प्रहरी कार्यालय तिवारीभञ्ज्याङ, प्रहरी चौकी बास्तीम, प्रहरी चौकी च्याङ्ग्रेका तीन इञ्चार्जसहित ४१ जना सुरक्षाकर्मीलाई भत्ता दिँदै आएको छ । त्यस्तै स्वास्थ्य चौकी श्यामशिला, तिवारीभञ्ज्याङ, बास्तीम, च्याङ्ग्रे, सानोदुङमा र ठूलोदुङमाका छ जना इञ्चार्जसहित ३५ जना स्वास्थ्यकर्मीले पनि भत्ता पाउँदै आएका छन् ।

त्यस्तैगरी गाउँपालिकाले आफ्नो क्षेत्रमा प्रवेश गर्ने ठूलोदुङमाको फत्तेपुर, सानोदुङमाको अधेँरीघाट र सिक्रेमा पर्ने मुख्य सीमानाकामा रहेका तीन जना हेरालुलाई दैनिक रु एक हजार भत्तासँगै रु एक हजार सञ्चार खर्च र ५४ जना स्वास्थ्य स्वयंसेविकालाई मासिक रु ५०० का दरले सञ्चार खर्च दिँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश राईले जानकारी दिए ।

कोभिड-१९ को सङ्क्रमण फैलिन नदिन गाउँपालिकाका सबै घरघरमा स्वास्थ्यकर्मीले जाँच गर्ने व्यवस्था मिलाएको उपाध्यक्ष राईले जानकारी दिए । गाउँपालिकाले सबै स्वास्थ्य चौकीमा नेपाल सरकारले दिएको ३५ प्रकारका औषधिबाहेक अन्य थप नौ प्रकारका औषधि खरिद गरेर वितरण गरेको उहाँको भनाइ छ ।

"कोरोनाको यो अवस्थामा गाउँपालिका गम्भीर भएर लागेको छ, हामीले गर्भवती महिलालाई क्याल्सियम र किशोरीलाई आइरन चक्की नियमितरुपमा वितरण गर्ने व्यवस्था मिलाएका छौँ", उनले भने । गाउँपालिकाले कार्यसम्पादनलाई ध्यानमा राख्दै भत्ता वितरण गरेकाले दैनिक काम गर्न सहज भएको गाउँपालिकाका स्वास्थ्य संयोजक ज्ञानु दाहालले बताए । संयोजक दाहालले भने, "अन्य ठाउँमा यस्तो सुविधा छैन, गाउँपालिकाले गरेको यो निर्णयले हामीलाई काम गर्नमा मनोबल थपिएको छ, भने कार्यस्थलमा खट्नसमेत सहजता छ ।" गाउँपालिकाका अनुसार गत वैशाख महिनासम्म करिब रु सात लाख भत्ताबापत निकासा भइसकेको छ ।

# भेरी बबईमा दुई अर्बको ठेक्का रद्द



**सुर्खेत/रासस-** बन्दाबन्दी जारी रहँदा भेरी बबई बहुउद्देश्यीय डाइभर्सन आयोजनाको संरचना निर्माण कार्य प्रभावित भएको छ । दोस्रो चरणको हाइड्रोमेकानिकलअन्तर्गत' गेट तथा पेन स्टक' पाइप निर्माण कार्यका लागि गरिएको रु दुई अर्बको टेण्डर रद्द भएको हो ।

पाँचवटा कम्पनी प्रतिष्पर्धामा इच्छुक भए पनि बन्दाबन्दीका कारण काम हुने सम्भावना नदेखेपछि जलस्रोत तथा सिँचाइ विभागले उक्त टेण्डर रद्द गरेको जनाइएको छ । आयोजनाका सिनियर डिभिजनल हाइड्रोजियोलिष्ट एवं सूचना अधिकारी कृष्णप्रसाद उपाध्यायले बन्दाबन्दीका कारण काम नहुने तर ठेकेदारले क्षतिपूर्ति दाबी गर्न सक्ने भएकाले ठेक्का रद्द भएको जानकारी दिए । "अहिले सिभिल निर्माणको काम भइरहेको छ, हाइड्रोमेकानिकलको काम पनि सँगसँगै हुनुपर्ने हो", उनले भने, "लकडाउनले गर्दा सिभिलको काम पनि सोचेजस्तो गतिमा हुन सकेको छैन, बर्खा अघि सक्नुपर्ने महत्वपूर्ण काममात्र भइरहेको छ, लकडाउनले हाइड्रोमेकानिकलको कामलाई असर पार्ने देखियो ।"

सम्झौता हुँदा ठेकेदारले काम नभए पनि क्षतिपूर्ति दाबी गर्ने भएकाले राज्यलाई अनावश्यक आर्थिक दायित्व पर्न नदिन ठेक्का रद्द गरिएको उहाँको भनाइ छ। विसं २०७६ साउनदेखि आयोजनाको दोस्रो चरणका काम शुरु गरिएको थियो। दोस्रो चरणअन्तर्गत हेडवर्क्स, सर्जसाफ्ट, पेनस्टकलगायत बाँध (डयाम) र विद्युत् गृह (पावर हाउस) निर्माणका कार्यहरु पर्छन् । हाइड्रोमेकानिकलसम्बन्धी दुई ठूला ठेक्का रद्द भएपछि आयोजनाको काम लम्बिने भएको छ। सूचना अधिकारी उपाध्यायले ८-९ महिनादेखि तयारी गरिएको काम रद्द भएपछि निर्माण अवधि लम्बिने निश्चित भएको बताए । चार वर्षभित्र निर्माण पूरा गर्न आयोजना व्यवस्थापनलाई कठिन हुने उनलेबताए। बाँधस्थलमा पुलसहितको ६ वटा गेट र पेनस्टक पाइप निर्माणका लागि गरिएको टेण्डर रद्द भएपछि पुनः लागत मूल्याङ्कन गरेर टेण्डर गर्न समय लाग्नेछ ।

आयोजनाका अनुसार हाइड्रोमेकानिकलअन्तर्गत गेट, पेनस्टक पाइपको काम पर्छ । बाँध बनाइसकेपछि नदीको पानी खोल्न र बन्द गर्न गेटको प्रयोग गरिन्छ । सुरुङभित्र पानी पठाउन गेटको आवश्यकता पर्छ। सुरुङबाट बाहिर निस्केको पानीलाई फलामको पाइप (पेनस्टक) को सहायताले विद्युत् गृहसम्म लगेर टर्वाइनमार्फत बिजुली निकालिन्छ। पछिल्लोपटक उक्त कार्यका लागि बोलपत्र आह्वान गरिएको थियो । यद्यपि, जलस्रोत तथा सिँचाइ विभागले लकडाउनका कारणमात्र नभई सार्वजनिक खरिद ऐनको भावनाअनुसार प्रतिस्पर्धा हुन नसक्दा ठेक्का रद्द भएको बताएको छ ।

रु ३३ अर्ब १९ करोड लागतको यस बहुउद्देश्यीय आयोजनाको हालसम्म ३९.४ प्रतिशत भौतिक तथा ३१.६० प्रतिशत वित्तीय प्रगति भएको छ । सुरुङ निर्माण आयोजनाको ३३ प्रतिशत उपलब्धिमा पर्छ । कोभिड-१९ को सङ्क्रमण रोकथामका लागि सरकारले लकडाउनको नीति अपनाएसँगै आयोजनाको काम प्रभावित हुन नदिन केही सिभिल निर्माणका कार्य सञ्चालनमा छन् । सरकारले लकडाउनमा राष्ट्रिय गौरवका आयोजनाको काम नरोक्न निर्देशन दिएपछि भेरी बबईले कोभिड-१९ विरुद्धको सावधानी अपनाई बर्खाअघि सम्पन्न गर्नुपर्ने केही महत्वपूर्ण कार्यलाई निरन्तरता दिएको छ। यसअन्तर्गत नदीको बहाव फर्काउने बाँध (कफर डयाम) र सुरुङ फिनिसिङको काम भइरहेको छ ।

सरकारले ठूला आयोजनाको निर्माण कार्य जारी राख्न कामदारलाई क्लोज क्याम्पमै राख्नुपर्ने, एक मिटरको दूरी कायम गरी काममा लगाउनुपर्ने, दैनिक स्वास्थ्य जाँच गर्नुपर्नेलगायतका निर्देशन दिएको छ । बाँधस्थल चिप्लेमा हाल १३० जना कामदार कार्यरत छन् । सबै कामदारलाई आयोजनास्थलमा सञ्चालित क्याम्पमै बसोबासको व्यवस्था मिलाइएको छ ।

अमेरिकी कम्पनीले निर्माण गरेको चालकरहित अत्याधुनिक प्रविधिको टनेल बोरिङ मेशिन (टिबिएम) को सहायताले २०७५ चैतमै १२ किमी २१० मिटर लामो सुरुङ निर्माण सम्पन्न भइसकेको थियो । फिनिसिङ, बायो इञ्जिनीयरिङलगायतका काम बाँकी रहेकाले निर्माण कम्पनी चाइना इञ्जिनीयरङ ओभरसिज प्रालि (कोभेक) ले सिँचाइ विभागलाई सुरुङ हस्तान्तरण गरेको छैन । चिनियाँ कम्पनी ग्वाङ्डोन तथा नेपालको रमण निर्माण जेभी र आयोजनाबीच २०७६ साउनमा दोस्रो चरणको सिभिल निर्माणका लागि ठेक्काअघि बढाउने सम्झौता भएको थियो ।

सुर्खेतको भेरीगङ्गा नगरपालिका-५ चिप्लेमा १४ मिटर अग्लो बाँध बनाई १२ किमी २१० मिटर लामो सुरुङमार्फत वडा नं ११ हात्तीखालमा भेरीको पानी खसालेर बबईमा ४८ मेगावाट विद्युत् उत्पादन गर्नाका साथै प्रदेश नं ५ को बाँके र बर्दिया जिल्लाका ५१ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ आयोजना निर्माण थालिएको हो ।

## बन्दाबन्दीमा विकास निर्माणलाई प्राथमिकता दिँदै टोखा

**काठमाडौं/मस-**टोखा नगरपालिकाले बन्दाबन्दीको समयमा नगरपालिकाभित्रको विकास निर्माणका कार्यक्रमलाई प्राथमिकता दिएको छ । काठमाडौंको उत्तरी क्षेत्रमा रहेको उक्त नगरपालिकाले सामाजिक दूरी कायम राख्दै विकास निर्माणका कार्यक्रमलाई प्राथमिकता दिएको हो । नगरपालिकाका प्रमुख प्रकाश अधिकारीले बन्दाबन्दीको समयमा साना विकास निर्माणका कामलाई अगाडि बढाएको जानकारी दिए । "रु २० लाखभन्दा साना विकास निर्माणका कार्यक्रम बन्दाबन्दीको समयमा पनि प्राथमिकताका साथ गरिरहेका छौं", उनले भने।

टोखाले बानियाटार धनेश्वर मन्दिर क्षेत्र, धापासी क्षेत्र र सपनतीर्थ क्षेत्रमा बाटो ढलान गरिरहेको छ । यसैगरी, विष्णुमति खोलामा पर्खाल निर्माण, मनोहरतीर्थ पुल निर्माण, बौडेश्वर पार्क निर्माण, कल्की मन्दिर पार्क निर्माणको कामसमेत गरिरहेको छ ।

नगरप्रमुख अधिकारीले ठूला विकास निर्माणका आयोजनामा धेरै जनशक्ति लाग्ने भएकाले बन्दाबन्दीको समयमा ठूला विकास निर्माणका आयोजनालाई स्थगित गरिएको बताए ।

यस्तै, टोखा नगरपालिकाले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेटमाथि सरोकारवाला निकायसँग छलफल शुरु गरेको छ ।

साथै टोखामा नगरपालिकामा बस्ने सिन्धुपाल्चोककी एक सुत्केरी महिला कोरोना सङ्क्रमणबाट मृत्यु भएपछि टोखाले कोरोना परीक्षणको दायरासमेत बढाउन लागेको छ ।




www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews  Janatapati  Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**